श्री सर्वोच्च अदालत

स्टेशनरी तथा अन्य सामान खरिद सम्बन्धी

सूचना नं. १/०७४/७५

शिलबन्दी बोलपत्र आह्वान सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०३।२२)

आ.ब. २०७४/०७५ को लागि यस अदालतलाई आवश्यक पर्ने स्टेशनरी, मसलन्द तथा अन्य सामानहरु बोलपत्रको माध्यमबाट दररेट कायम गरी खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र नेपाल सरकारको सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फारामहरुबाट बोलपत्र वा e-bidding समेत पेश गर्न सकिने छ । बोलपत्र फाराम फिर्ता नहुने गरी रु. ५,०००।- (पाँच हजार) शुल्क तिरी नगदी रसिदसाथ कारोबार दर्ता, मूल्य अभिवृद्धि कर तथा आयकर दर्ताप्रमाणपत्र र आ.ब. ०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रतलिपि समेत राखी निवेदन पेश गरेमा यस अदालतको भण्डार उप-शाखाबाट प्राप्त गर्न सकिनेछ । बोलपत्र फारामहरु ३० दिनभित्र खरिद गरी ३१ औं दिनको १२ बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु सोही दिन १४:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । कारणवश बोलपत्र बिक्री गर्ने, दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा बिदापछि अड्डा खुलेको पहिलो दिनको सोही समयमा क्रमशः सोही समयमा बोलपत्र बिक्री वा दर्ता वा e-bidding/e-submission बोलपत्र खोल्ने समेतको कार्य गरिने छ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

१. बोलपत्रदाताले दिने स्टेशनरी तथा अन्य सामानको मूल्य, मूल्य अभिवृद्धि कर बाहेक शिलबन्दी बोलपत्रमा अंक र अक्षरमा स्पष्ट लेखि बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र जमानत वापत रु. ६,००,०००।- (छ लाख) रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय बबरमहलको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. स.अ. १२०१२००००१००२५२४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको यस अदालतको पक्षमा जारी भएको मान्यता प्राप्त बैंकको विड वण्ड (बैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरुको WEB मा Scanning Copy वा शिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । शिलबन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री सर्वोच्च अदालत, काठमाडौं आ.ब. ०७४/०७५ को लागि स्टेशनरी तथा अन्य सामान खरिद बोलपत्र फाराम र पेश गर्नेको ठेगानामा बोलपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नुपर्नेछ ।

२. बोलपत्र दाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न देहायका कागजपत्रहरुको प्रमाणित प्रतिलिपि वा सक्कल प्रति बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

क) आ.ब. ०७३/०७४ सम्म मान्य भएको फाराम दर्ता प्रमाणपत्र वा इजाजत पत्र ।

ख) मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता (Pan Number) प्रमाणपत्र ।

ग) आ.ब. ०७२/०७३ सम्मको कर चुक्ता (TAX Clearance) गरेको कागजात ।

घ) बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा व्यवसाय पेशा सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा सक्कल प्रति ।

३. बोलपत्र फाराममा दररेट अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. रित नपुगी वा बोलपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको र शर्त राखी दर्ता हुन आएका बोलपत्र तथा विद्युतीय बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. प्राप्त बोलपत्रहरु आंशिक वा पूर्ण मात्रामा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ ।

६. दर्ता भएका बोलपत्रहरुमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका बोलपत्रहरुबाट मात्र छनोट गरिनेछ । ए

७. बोपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

८. बोलपत्र सम्बन्धी सूचना यस अदालतको वेवसाइट www.supremecourt.gov.np मा हेर्न सकिन्छ ।

९. साधारण शिलबन्दी बोलपत्र वा e-bidding/e-submission मा भाग लिने बोलपत्रदाताहरुले बोलपत्रसाथ आ.ब. ०७२/०७३ सम्मको कर चुक्ता प्रमाण पत्र संलग्न गर्नुपर्नेछ । e-bidder ले Scanning Copy राख्नु पर्नेछ ।

१०. बोलपत्रसाथ पेश गरिने सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गराई शिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । e-bidding/e-submission मा भाग लिने बोलपत्रदाताहरुले बोलपत्र खोल्ने समयमा पेश गरिएको कागजपत्रहरुको सक्कल प्रति वा नोटरीबाट प्रमाणित प्रति लिई आउनु पर्नेछ ।

११. e-bidding/e-submission मा भाग लिने बोलपत्रदाताहरुको लागि यस अदालतको सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/ppmo बाट स्टेशनरी तथा अन्य सामान खरिद सम्बन्धी e-bidding/e-submission को कार्य गरिने छ । उक्त Web मा Log on गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताले स्टेशनरी तथा अन्य सामान खरिद सम्बन्धी बोलपत्रमा भाग लिन सक्ने छ ।

१२. e-bidding/e-submission मा भाग लिने बोलपत्रदाताले को.ले.नि.का. समन्वय कार्यालय बबरमहलको ने.रा.बैंक थापाथलीस्थित देहाय अनुसारको राजश्व खातामा सूचना उल्लेखित बोलपत्र वापतको रकम तीसौं दिनभित्र दाखिला गरेको भौचर, कारोबार दर्ता, मु.अ.कर तथा आयकर दर्ता प्रमाणपत्र, सप्लाई गरिने सामानहरुको उत्पादनकर्ता, सोल एजेण्ट तथा डिलरको प्रमाणपत्रहरुको Scanning Copy समेत राखी एक्तीसौं दिनको १२:०० बजेभित्र उल्लेखित Web मा e-submission गरिसक्नु पर्नेछ ।

<u>राजश्व वापत दाखिला गर्नुपर्ने</u>

- बैंकको नाम : नेपाल राष्ट्र बैंक थापाथली ।
- रकम दाखिला हुने कार्यालयको नाम : सर्वोच्च अदालत ।
- कार्यालय कोड नं. : २७-२०४-०६
- खाता नं. क १-१-९९९
- राजश्व शिर्षक नं. : १४२२७

१३. यस सम्बन्धी थप बुझ्नु परेमा यस अदालतको भण्डार शाखामा सम्पर्क राख्नु हुन सुचित गरिन्छ ।

१४. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।